# सर्वोच्च अदालत
# फैसला कार्यान्वयन निर्देशनालय
# कैद, जरीवाना र सरकारी विगो तिर्ने बुझाउने सम्वन्धी
# जरुरी सूचना

सर्वोच्च अदालत र मातहत अदालतबाट भएको फैसला तथा अन्तिम आदेशको कार्यान्वयन गर्ने र फैसला वा अन्तिम आदेशको कार्यान्वयन सम्वन्धमा मातहतका अदालत तथा अर्धन्यायिक निकायहरुलाई नीतिगत निर्देशन दिने र कम्प्यूटरमा पनि लगत राख्ने केन्द्रीय निकायको रुपमा सर्वोच्च अदालत अर्न्तगत रहने गरी फैसला कार्यान्वयन निर्देशनालय स्थापना भएको छ ।

अदालतको अन्तिम फैसलाले लागेको कैद, जरीवाना र सरकारी विगोको हकमा पछि प्रकाशित हुने सूचना बमोजिम तिर्न बुझाउन आएमा घटीमा २५ र बढीमा ७५ प्रतिशत छुट दिने व्यवस्था छ । साथै जिल्ला अदालत (आठौ संशोधन) नियमावली ; २०५२ अनुसार लगत फछ्र्यौट समितिलाई पनि लगत कट्टा गर्ने अधिकारमा वृद्धि गरिएको छ । कैद,जरीवाना र सरकारी विगो वाँकी रहेका व्यक्तिलाई पक्राउ गरी प्रहरी, जो सुकै व्यक्ति र संस्थाले पुरस्कार पाउने कानूनी व्यवस्था पनि छ । अब उप्रान्त कैद, जरीवाना र सरकारी विगो तिर्न बुझाउन बाँकी रहेका व्यक्तिहरु यथाशक्य चाँडो सम्बन्धित अड्डा अदालतमा उपस्थित भै आफूलाई लागेको दण्ड, जरीवाना प्रचलित कानून बमोजिम तिर्नु वुझाउनु भै फरफारक लिनु हुन अनुरोध छ ।

दण्ड, जरीवाना बाँकी भएका त्यस्ता व्यक्तिहरुको लगत असुल उपर गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग, निर्वाचन आयोग र लोकसेवा आयोग, नेपाल सरकारका परराष्ट्र, उद्योग , वाणिज्य , निर्माण तथा यातायात र स्थानिय विकास लगायतका मन्त्रालयहरु र जिल्ला प्रशाासन कार्यालय , प्रहरी कार्यालय , भन्सार कार्यालय , मालपोत कार्यालय , यातायात व्यवस्था कार्यालय तथा सम्बन्धित गाँउ , नगर र जिल्ला विकास समिति र कौसीतोषाखाना एवं निजामती कितावखानालाई समेत लगतको  आधारमा लगत असुल गर्न क्रमश: अनुरोध गरी पठाइने छ । साथै सर्वोच्च अदालतको वेवसाइटमा पनि त्यस्तो लगत राखिने हुँदा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सम्वन्धित अड्डा अदालतहरुले पनि यसै सूचनाको आधारमा लगत असुली र फछ्र्यौट कार्यलाई अझ बढी प्राथमिकता दिनु होला ।  अन्य थप जानकारी चाहिएमा यस निर्देशनालय र नजिकको अदालतहरुमा सम्पर्क राख्नु हुन समेत अनुरोध छ ।

फैसला कार्यान्वयन निर्देशनालय
कुपण्डोल
फ्याक्स/फोन नं. ०१-५५३४८२५